नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ २४ गते १९८ स्थानमा अनुगमन भएको छ। हाल देशभर ३,४०० क्वारेन्टिन बेड संख्या रहेकोमा २०% बेडमात्र प्रयोगमा आएको छ। ज्येष्ठ २४ गते १२९ क्वारेन्टिन स्थलका ६५० बेडको अनुगमन गरिएको छ। साथै, विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने ३,९६६ सवारीसाधनलाई कारवाही गरिएको छ। ज्येष्ठ २४ गते देशभरका विभिन्न सीमा नाकाहरुबाट २,३१६ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

परराष्ट्र मन्त्रालयका अनुसार जर्मन सरकारको सहयोगमा पठाइएको २७,५०० एफ.एफ.पी.टु. मास्क, ३०,००० सर्जिकल मास्क, १०० थान गम बुट, २०० थान बडी ब्याग, ५ थान आइसोलेसन टेन्ट र २५,००० लिटर डिसइन्फेक्टयांट लिक्वीड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण भएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ५७,७४,१०० थान मेडिकल उपकरणहरु र कोभिड-१९ टेस्ट किट लगायतका औषधीहरु पैठारी भएको छ। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि पर्वत जिल्ला अस्पताललाई पी.सी.आर. ल्याब स्थापना गर्न रु. २५ लाख निकासा भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ३० आन्तरिक उडान भरी जम्मा १०० यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १४ रहेको जनाइएको छ।

२०७८/०२/२५

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np